// नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, फागुन २६ गते २०६५ साल (संख्या ४७

# भाग ३

## नेपाल सरकार

## स्थानीय विकास मन्त्रालयको सूचना

**निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (तेस्रो संशोधन) नियमावली, २०६५**

निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (तेस्रो संशोधन) नियमावली २०६५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ को नियम २ मा संशोधन :** निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "संविधानसभा सदस्य" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ को उपधारा (३) मा व्यवस्था भए बमोजिमका संविधानसभा सदस्य सम्झनु पर्छ ।"

१३४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **मूल नियमावलीको नियम ३ मा संशोधनः** मूल नियमावलीको नियम ३ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) नेपालको अन्तरिम संविधान,२०६३ को धारा ६३ को उपधारा (३) को खण्ड (क) बमोजिमका पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित संविधानसभा सदस्यले आफू निर्वाचित भएको जिल्लाको निर्वाचन क्षेत्र र सोही उपधाराको खण्ड (ख) बमोजिम समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने तथा खण्ड (ग) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्बाट मनोनयन हुने संविधानसभा सदस्यले निजले रोजेको कुनै एक जिल्लाको निर्वाचन क्षेत्रहरुमा कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।"

(२) उपनियम (३) मा रहेका "तीस हजार" भन्ने शब्दहरुको सट्टा "पचास हजार" भन्ने शब्दहरु राखी सोही उपनियमको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर आर्थिक वर्ष २०६५/६६ को लागि सम्वत् २०६५ साल माघ मसान्तसम्म कार्यक्रम पेश गर्न सकिनेछ ।"

(३) उपनियम (६) को,-

(क) खण्ड (ख) मा रहेका "अपाङ्ग तथा" भन्ने शब्दहरुको सट्टा "अपाङ्ग, मधेशी, मुस्लिम, पिछडा समुदाय तथा" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड ((ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) श्रममा आधारित योजना"

४. **मूल नियमावलीको नियम ४ मा संशोधनः** मूल नियमावलीको नियम ४ को,-

(१) उपनियम (१) को,-

(क) खण्ड (ग) मा रहेका "महिला, दलित, आदिवासी, जनजाति मधेसी समुदाय, अपाङ्ग र उत्पिडीत वर्गका छात्र-छात्रालाई छात्रवृत्ति दिने" भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएकोछ :-

"(ङ) कुनै स्वीकृत कार्यक्रममा समायोजन कोष (म्याचिङ फण्ड) सम्बन्धी"

(२) उपनियम (१) पछि देहायका उपनियम (१क), (१ख) र (१ग) थपिएका छन् :-

"(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यक्रम वापतको रकम देहायको कार्यमा खर्च गर्ने गरी कार्यकम छनौट तथा सञ्चालन गर्न सकिने छैन :-

३६८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) दामासाहीले बाँडफाँड गरी वितरण गर्ने,

(ख) कुनै राजनीतिक दल वा तिनीहरुका भातृ संघ संगठन, कुनै संघ संस्था वा व्यक्तिलाई आर्थिक सहायता दिने,

(ग) कुनै गैर सरकारी संघ संस्था वा व्यक्तिलाई आर्थिक सहायता दिने,

(ग) शिक्षा मन्त्रालयबाट निर्धारित मापदण्ड विपरीत कुनै विद्यालयको शिक्षकको पारिश्रमिक दिने ।

(१ख) यस नियम बमोजिम कार्यक्रम छनौट गर्दा कम्तीमा पचास प्रतिशत रकम पूर्वाधार निर्माणमा खर्च गर्ने गरी छनौट गर्नु पर्नेछ ।

(१ग) यस नियमावली बमोजिम कार्यक्रम छनौट गर्दा एक आर्थिक वर्षमा बढिमा सात वटासम्म कार्यक्रम छनौट गर्न सकिनेछ ।"

५. **मूल नियमावलीको नियम ६ मा संशोधनः** मूल नियमावलीको नियम ६ को उपनियम (४) पछि देहायको उपनियम (४क) थपिएको छः-

"(४क) यस नियमावली बमोजिम पेश भएको कार्यक्रमको लागि विनियोजित रकम सम्बन्धित गाउँ विकास समितिमा सिधै पठाउन सकिनेछ ।"

६. **मूल नियमावलीको नियम ७ मा संशोधनः** मूल नियमावलीको नियम ७ को,-

(१) उपनियम (५) पछि देहायको उपनियम (५क) थपिएको छः-

"(५क) यस नियमावली बमोजिम कार्यान्वयन गरिने कार्यक्रमको लागि पहिलो किस्ता वापतको रकम निकासा भएपछि सोको आवधिक मूल्यांकन सहितको प्राविधिक प्रतिवेदन प्राप्त नभएसम्म सोही कार्यक्रमको बाँकी किस्ता वापतको रकम निकासा गरिने छैन ।"

(२) उपनियम (६) मा रहेका "विघटन भएपंनि" भन्ने शब्दहरुको सट्टा "विघटन वा कार्यकाल समाप्त भएपनि" भन्ने शब्दहरु राखिएका छन् ।

७. **मूल नियमावलीको नियम ८ मा संशोधनः** मूल नियमावलीको नियम ८ को उपनियम (१) मा रहेका "दश प्रतिशतसम्म" भन्ने शब्दको सट्टा "पाँच प्रतिशतसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

८. **मूल नियमावलीमा नियम ८क. थपः** मूल नियमावलीको नियम ८ पछि देहायको नियम ८क. थपिएको छः-

"**८क. अनुगमन तथा मूल्यांकनः** (१) स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६ र स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ ले गरेका व्यवस्था बमोजिम कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्यांकन गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२)संविधानसभाका सम्बन्धित सदस्यले आफ्नो सिफारिसमा कार्यान्वयन गरिएका कार्यक्रमको वर्षमा कम्तीमा एक पटक अनुगमन गरी सो को प्रतिवेदन जिल्ला विकास समितिमा दिनु पर्नेछ ।

(३) जिल्ला विकास समितिले कार्यक्रमको अनुगमन गरी सो विवरण चौमासिक रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ ।"

९. **मूल नियमावलीको नियम ९ मा संशोधनः** मूल नियमावलीको नियम ९ को उपनियम (६) मा रहेको "सदस्यलाई" भन्ने शब्दको सट्टा "संविधानसभा सदस्यलाई" भन्ने शब्दहरु राखिएका छन् ।

१०. **रुपान्तरः** मूल नियमावलीको ठाउँ ठाउँमा रहेका "व्यवस्थापिका-संसद" भन्ने शब्दहरुको सट्टा "संविधानसभा" भन्ने शब्द राखी रुपान्तर गरिएको छ ।

आज्ञाले,

**यज्ञप्रसाद गौतम**

**नेपाल सरकारको का.मु.सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।